AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

## डा. भट्टचनको साप्ताहिक झटारो- १

# 'मधेशिको आफ्नै राजनीतिक दल बनाउने आँट, आदिबासि-जनजातिर दलितका लागि पाठ'

यो लेख पढ्न तपाईंको कम्प्युटरमा प्रीती फन्ट हुनु पर्छ। प्रीती फन्ट डाउनलोड गर्न यहाँ क्लिक गर्नुहोस्। तेस पछी तपाईंको कम्प्युटरको 'C' ड्राइव मा भएको फन्ट फोल्डरमा Save शेभ गर्नुहोस्। PDF फाइलमा पढ्न यहाँ क्लिक गर्नुहोस्। PDF फाइल पढ्न Acrobat Reader चहिन्छ, यदि छैन भने फ्री डाउनलोडको लागि यहाँ क्लिक गर्नुहोस्।

### विषय प्रबेश

बहुदलीय राजनैतिक व्यवस्थामा राजनैतिक दलहरुको निर्णायक भूमिका हुन्छ । नेपालमा बहुदल छ तर त्यो बहुदल नभएर बाहुनदल भएको छ । भएका ७ राजनैतिक दलहरुले आन्तरिक लोकतन्त्रको अभ्यास नगरेसम्म र कम्तीमा पनि जाती, लिंग र क्षेत्रका आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व नभएसम्म मधेशी, दलित, महिला, आदिवासी जनजाति र अन्य सिमान्तकृतहरुले आफ्ना अधिकारहरु उपभोगगर्न र आफ्ना स्वायत्तताका सपनाहरु बिपनामा परिणतगर्न असम्भव हुन्छ । आफ्नो सपना अरुबाट पुरागर्न सके राम्रो हो तर अरुको सपनामा आफ्नो सपना नपरेपछि आफ्नो सपनाहरु विपनामा परिणतगर्न असम्भव हुन्छ । समयको खोलो बग्दै जांदा यस्तो कुरा निश्चित भएको अवस्थामा आफ्नो सपना आफैले विपनामा परिणत गर्ने बाहेक अरु विकल्प हुन सक्दैन । सन् १९९० पछिका राजनैतिक दलहरुको अभ्यासहेर्दा मधेशी, दलित र आदिवासी जनजातिका आफ्नै राजनैतिक दलहरु आबश्यकता बोध भएको र प्रयाश भएको पनि वर्षौ भइसक्यो । एम्.आई.टी.का राजनीतिशास्त्रका सहायक प्राध्यापक कञ्चन चन्द्राको पुस्तक **व्हाई एथ्नीक पार्टीज् सक्सीड**मा जहां जातीय जनसंख्या बढीछ त्यहां जातीय पार्टीहरु सफल हुन्छन् भनी दिएको तथ्यगत प्रमाण नेपालको सन्दर्भमा लागू हुन्छ की हुंदैन? यो प्रश्न मननीय छ ।

### मधेशीको आंट

डिसम्बर १० का दिन संसार भरी मानव अधिकार दिवस मनाईन्छ । यसपाली पनि उक्त दिन नेपालमा मानव अधिकारको कार्यक्रमको विरालो बांध्ने काम धेरै ठाउंमा भयो । आदिवासी जनजाति, दलित र मेधशी आन्दोलनहरु आफैले मानव अधिकार दिवसका अवसरमा कुनै कार्यक्रम आयोजनागर्ने काम गरेको मलाई थाहा छैन । तर डिसम्बर १०, २००७ को मानव अधिकार दिवसको दिन सिमान्तकृत समुदायहरुको दृष्टिकोणबाट दूरगामी र ऐतिहासिक महत्वको रहने एउटा आंट मधेशी नेताहरुले देखाउनु भयो । उक्त दिन ललितपुर स्थित होटल समिटमा पत्रकार सम्मेलन आयोजना गरी मन्त्रि महन्त ठाकुर (नेपाली कांग्रेस), र सांसदहरु हृदयेश त्रिपाठी (नेपाल सदभावना पार्टी आनन्दीदेबी), महेन्द्र यादव (ने.क.पा.एमाले), रामचन्द्र राय (राष्ट्रिय प्रजातन्त्र पार्टी) ले आफ्नो पदबाट मात्र नभएर पार्टीको साधारण सदस्यताबाट समेत राजनीनामा गरेको घोषणा गरेपछि नेपालको राजनैतिक बृत्तमा ९ रेक्टर स्केलको भूकम्प गएको भनिएको छ । त्यस्तै गरेर राजनैतिक दलहरुका नेताहरु मध्ये सर्बेन्द्रनाथ शुक्ला (राष्ट्रिय जनशक्ती पार्टी), अनीश अन्सारी (ने.का.), रामचन्द्र कुशवाहा (ने.का.), बृशेष चन्द्र लाल (ने.का.), श्रीकृष्ण यादव (ने.क.पा. एमाले) ले पनी आ-आफ्नो राजनैतिक दलहरुबाट साधारण सदस्यताबाट समेत राजीनामा गरीसक्नु भएको छ भने सांसद जय प्रकाश प्रसाद गुप्ता (ने.का.) लगायतका धेरैले छिट्टै राजीनामा गर्ने बताउन भएको छ । वहांहरुले यस्तो राजनैतिक कदम चाल्नुको कारण अन्तरिम सरकार, अन्तरिम व्यवस्थापिका-संसद र सात दलको गठबन्धन सबै मधेशीहरुको जायज मागहरुलाई, चाहनाहरुलाई सम्बोधन गर्न असफल साबित भइसकेकोले मधेशको स्वायत्त प्रदेशमा मधेशी शासनकालागि मधेशीहरुको राजनैतिक दल गठन गर्नकालागि यस्तो गर्नपरेको भनेर वहांहरुले भन्नुभएको कुरा संचार माध्यमहरुमा छाएको छ ।

मधेशका सवालमा राजनैतिक दलहरु नभएका होइनन् । अहिले वास्तवमा मधेश र मधेशीसंग के छैन? सब थोक छ । निशस्त्र देखि सशस्त्र राजनैतिक दलहरु छन् । शान्तिपूर्ण देखि हिंसात्मक गतिविधीमा संलग्न समुहहरु छन् । सत्तामा भएका देखि नभएका राजनैतिक दलहरु छन् । मधेशी हक-अधिकारका लागि आन्दोलन गरेर राजनैतिक दलमा परिणत भएका समुहहरु पनि छन् । नेपालको सार्वभैमसत्ता र क्षेत्रीय अखण्डताको पक्षधर देखि स्वतन्त्र मधेश वा विखण्डनको माग राख्ने समुहहरु समेत छन् । सात राजनैतिक दलमा संलग्न मधेशी देखि आफ्नै राजनैतिक दलमा संलग्न मधेशीहरु पनि छन् । राजनैतिक उद्देश्य प्राप्तिकालागि संगठित देखि आपराधिक कार्यमा संलग्न समुहहरु

समेत छन् । मधेश र मधेशीसंग सबथोक भएपनि मधेशीको हकअधिकार र त्यस्मा पनि मूलतः मधेशी स्वायत्तता र पूर्णरुपमा समानुपातिक प्रतिनिधित्व आकासको फल भइरहेको छ कीनभने मधेशीहरु राजनैतिक दलहरुमा विभाजीत छन् । आफ्नो नेतृत्व आफैले गर्ने भन्दा पनि बहुदलीय व्यवस्था भनीएपनि व्यवहारमा बाहुनदलीय राजनैतिक दलहरुमा बसेर उनीहरुको झोला बोकेरै आफ्नो सपना साकार गर्ने भन्ने छ ।

हुनत मधेशी, आदिवासी जनजाति र दलितहरु सबै मिलेर छुट्टै राजनैतिक दल खोल्ने प्रयत्न भएको बर्षौ भइसक्यो । अव बल्ल आएर विभीन्न राजनैतिक दलहरुमा संलग्न मधेशी नेताहरु पहाडिया बाहुन क्षेत्री नेताहरुको पछि लागेर मधेशीको मुक्ती संभव छैन र यस्लाई सम्भव बनाउन आफ्नो काम आफै गर्नपर्छ भन्ने चेतना ढिलो भएपनि जागेर आएको देखिन्छ । आदिवासी जनजाति र दलितहरुले भन्दा आंट गरेर मधेशीहरुले मधेशी स्वायत्तताको सपना आफैले साकार बनाउन मधेशीकै राजनैतिक दल खोल्न लागेका छन् । हुनत मधेशीको राजनैतिक दल विगतमा पनि थियो र वर्तमानमा पनि छ । पुरानोमा नेपाल सद्भावना पार्टी देखि नयांमा मधेशी जनअधिकार फोरम ( उपन्द्र समूह) हो । अहिलेकोमा महत्वपूर्ण भनेको महन्त ठाकुर जस्ता नेताको बाहुन दलसंग मोह भंगभएर मधेशीहरुको लागि समर्पित हुने आंट हो । महन्त ठाकुर लगायतको यो नयां प्रयाश निश्चित रुपमा एउटा अवसर हो - सबै मधेशीहरु एक भएर नेपालको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई अक्षुण्ण राखेर मधेशको क्षेत्रगत स्वायत्तता लिएर अन्य जातीय, भाषिक र क्षेत्रगत स्वायत्त प्रदेशहरुसंग इन्द्रेणीका रुपमा रहनकालागि । यो अवसर हो - मधेशमा भएका विखण्डनका प्रयाश, आपराधिक गतिविधी, हिंसात्मक राजनीति र मधेशीबिरुद्ध भएका सबै प्रकारका विभेदहरुको अन्त्य गरि सकारात्मक शान्ति स्थापना गर्ने । यो अवसर हो - अव मधेशीहरु विभाजित भएर रहने भन्दा संघात्मक लोकतान्त्रिक गणतन्त्र अन्तर्गत जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताको सपनालाई जतीसक्दो चांडो विपना बनाउने काममा सबै गोलबन्द हुने ।

मधेशी आन्दोलनमा चुनौतिहरु पनि थुप्रैछन् । जस्तै अहिले मधेशमा सामुहिक हिंसाको राजनीतिको विकेन्द्रीकरण भएको र स्वतन्त्र मधेशको माग हिंसाको प्रयोग गरि भएको अवस्थामा सामुहिक हिंसा र शान्तिपूर्ण राजनिती गर्ने सबै राजनैतिक समुहहरु के एकै पार्टीमा आउला? के महन्त ठाकुर, मातृका यादव, उपेन्द्र यादव, राजेन्द्र महतो, गोइत, ज्वाला सिंह लगायतका सबै मधेशको स्वायत्तता प्राप्तिकालागि एकै ठाउंमा आउन सक्छन्? के तराईका आदिवासी जनजातिहरु खास गरेर थारु नेताहरु सबै तराई-मधेशी राजनैतिक दलहरुमा आउनसक्छन्? अहिलेलाई एकै पार्टीमा आयो भने पनि तराई-मधेशको सामाजिक संरचनाको प्याजको पत्र खुल्न थाल्दा त्यहि भित्रको समावेशीकरण र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने काम होला? तराई-मधेशी राजनैतिक दलको गन्तव्य एक मधेश एक प्रदेश हुनेछ वा आत्मनिर्णयको अधिकार प्रयोग गरि जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताको निक्योल हुनेछ? के मधेशी राजनैतिक दलसंग आदिवासी जनजाति, दलित र अन्य आन्दोलनहरुसंग सहकार्य वा कार्यगत एकता होला?

## आदिवासी जनजाति र दलितकालागि पाठ

आदिवासी जनजाति आन्दोलनले यो घटनाका बारेमा तत्कालै छलफल गरेर राजनैतिक आकलन गरेको छैन । हुनत सन् १९९० पछि राष्ट्रिय जनमुक्ती पार्टी र नेपाल जन-पार्टी निर्वाचन आयोगमा दर्ता भएको थियो । जनमुक्ती पार्टीले गाउं गाउंमा जनजातिको सवाललाई उजागर गरी जनजातीय चेतना अभिबृद्धि गर्ने काम गरेको थियो । तर राजा ज्ञानेन्द्रको निरंकुश शासनको पक्षमा यस्का नेता गोरेबहादुर खापंगी लागेपछि यस्को राजनैतिक अवसान भयो ।

आदिवासी जनजाति आन्दोलन र राजनैतिक दलमा भएका आदिवासी जनजाति नेताहरु भने अझै पनि बाहुन क्षेत्री नेताहरुकै पछि लागेर जातीय स्वायत्तता पाइने र जातीय मुक्ती पाइने मृगतृष्णाका पछि विश्वस्त छन् । आदिवासी जनजाति आन्दोलनका अधिकांश नेताहरु र नेपाल आदिवासी जनजाति महासंघ र यससंग आबद्ध जातीय संघ-संस्थाहरुले आदिवासी जनजातिको आफ्नै राजनैतिक दल बनाउने सवालमा संधै नकारात्मक रहदै आएको छ । संसद-विधायिकामा आदिवासी जनजातिको दवाव समुह अर्थात ककस् बनाउने कुरा होस् वा आदिवासी जनजातिको सवालमा संसदमा रोष्टम घेराउ गर्ने काममा होस् केहि आदिवासी जनजाति विधायिका-सांसदका पहलहरुलाई अन्य आदिवासी जनजाति विधायिका-सांसदहरुलेनै पटक पटक बन्न नदिएको तितो यथार्थ छ । केहि वर्ष अघि सिद्धार्थ बनस्थली स्कूलमा लक्ष्मण राजवंशीको आतिथ्यमा भएको जनजाति विकास-समन्वय केन्द्रले आयेजना गरेको एउटा कार्यक्रममा आदिवासी जनजातिको राजनैतिक दल बने नारायणसिंह पुनः लगायतका नेताहरु सो दलमा सामेल हुने भन्ने विचार व्यक्त गरेपछि राजनैतिक दल बनाउने गृहकार्य डा. चैतन्य सुब्बाको संयोजनमा भयो तर पछि नारायणसिंह पुनले समता पार्टी खोलेपछि त्या त्यत्तिकै थांती रह्यो । पछि डा. गणेश योञ्जनको निवासमा भएको आदिवासी जनजाति नागरिक मञ्चका एउटा बैठककाबेला जीतपाल कीरांतले मञ्चलाई आदिवासी जनजातिको राजनैतिक दलमा परिणत गर्ने सम्भावनाका बारेमा कुरा उठाउंदा मैले डा. हर्क गुरुङ्को नेतृत्वमा आदिवासी जनजाति नेताहरु सबै एकै पटक संलग्न भएर लागे नेपालको राजनीतिमा ठूलो तरंग आउंछ र जातीय स्वायत्तता चांडै प्राप्त गर्न सकिन्छ भन्ने प्रस्ताव राख्दा डा. गुरुङ्ले आदिवासी जनजातिको छुट्टै राजनैतिक दल हुन आवश्यक नभएको र त्यस्तो दल गठन भएमा आफू संलग्न नरहने विचार व्यक्त गर्नुभएपछि दल बनाउने कुरा त्यत्तिकै थांती रह्यो । नेपाल आदिवासी जनजाति महासंघलाई राजनैतिक दलका रुपमा रुपान्तरण गर्ने मेरो प्रस्तावलाई नेपाल आदिवासी जनजाति महासंघको तात्कालीन महासचिव डा. ओम गुरुङ्को भनाईमा त्यस्तो चाहना राख्नेले चाहेको राजनैतिक दल खोल्दा हुन्छ तर महासंघ राजनैतिक दलमा रुपान्तरण हुंदैन भनेर सम्भव हुनसक्ने कुरालाई पनि असम्भव बनाईयो । सोही अडानलाई महासंघका वर्तमान अध्यक्ष पासांग शेर्पाले पनि दोहोऱ्याउंदै आउनुभएको छ । हालै आदिवासी जनजातिहरुको मोर्चा बनाउने सम्बन्धी एउटा बैठकमा अव आदिवासी जनजातिको राजनैतिक दल नबने मैले परिणाम विहीन र गन्तव्यहिन आन्दोलनमा

नलाग्ने विचार राखेकोमा पद्मरत्न तुलाधरले आदिवासी जनजातिको राजनैतिक दल बन्नेहो भने त्यसमा वहांको संलग्नता नहुने अडान प्रष्ट राख्नुभयो ।

सात राजनैतिक दलहरुसंग मधेशी नेताहरुको मोहभंग भइसक्यो । ती दलहरुमा अव आदिवासी जनजाति नेताहरुको मोहमा कति दम छ? के नेपाली कांग्रेसका नेता भीमबहादुर तामांग लगायतका आदिवासी जनजाति नेतामा महन्त ठाकुर बन्ने आंट छ? के ने.क.पा. एमालेका नेता सुभाष नेम्बांगमा महेन्द्र यादव बन्ने आंट छ? के परशुराम खापुंग र बालाराम घर्ती मगरमा रामचन्द्र राय बन्ने आंट छ? के मातृका यादव, रामबहादुर थापा बादल र देव गुरुङमा महन्त ठाकुरको जस्तो आंट छ? यदी यस्तो आंट छैन भने के आत्मनिर्णयको अधिकार सहित जातीय, भाषिक र क्षेत्रगत स्वायत्तता नेपाली कांग्रेस, ने.क.पा. एमाले, ने.क.पा. माओवादी लगायतका राजनैतिक दलहरुबाट सजिलै अथवा लडेर प्राप्त होला जस्तो छ त? ति दलहरुबाट मधेशी स्वायत्तता मधेशीले नपाउने तर आदिवासी जनजातिले मात्र जातीय स्वायत्तता कसरी पाउन सम्भव होला?

नेपाल आदिवासी जनजाति महासंघले हांकेको आन्दोलनको गन्तव्य राजनैतिक दिशाहिन भएकोले राजनैतिक उद्देश्य राखेर राजनैतिक रुपमा अघि बढ्ने क्रममा लिम्बूवान राज्य परिषद, खम्बूवान राज्य परिषद, ताम्बासालिंग राज्य परिषद र थरुहट् राज्य परिषद आदि मीलेर संघात्मक लोकातान्त्रिक मञ्चमा मेधेशी जनअधिकार फोरम (विश्वास समुह) समेत मीलेर आन्दोलनरत छ । के सबै आदिवासी जनजातिहरुको आ-आफ्ना जातीय राज्य परिषद खोलेर सबै आदिवासी जनजाति नेताहरु एकै ठाउंमा आएर जातीय स्वायत्तता प्राप्तगर्ने आंट गर्न सकिन्छ? के यो आदर्श वा अव्यावहारिक सोच हो की व्यावहारिक सोच हो? नेपाल संघात्मक राज्य हुने भइसके पछि जातीय, क्षेत्रीय राजनीतिले ढिलो चांडो पकड जमाउने निश्चित छ । जातीय र क्षेत्रगत राजनैतिक दलहरु संविधान सभा अघिने सशक्त र ऐक्यबद्धरुपमा अघि आएमा २३९ वर्षको बाहुनवादी सोच, नीति र व्यवहारलाई चांडै अन्त्य गरि जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताको उपभोग गर्दै प्रगति र समृद्धि र सकारात्मक शान्ति तर्फ अघि बढ्न सकिने छ ।

बेलायतमा भएका राजमार्गहरु भन्दा अमेरिकाको राजमार्ग राम्रो । अमेरिकाको भन्दा जापानको राम्रो । जापानको भन्दा चीनको राम्रो । जस्ले अघि शुरु गऱ्यो उस्को नराम्रो र जसले पछि शुरु गऱ्यो उस्को राम्रो हुनु स्वाभावीक हो । आदिवासी महिला, दलित, आदिवासी जनजाति र मधेशी आन्दोलनको पनि कथा पनि उस्तै हो । मधेशी आन्दोलन पछि शुरु भयो तर सशक्तरुपमा अघि बढ्यो । २१ दिने जनआन्दोलन भाग ३ (अन्यले भन्ने गरेको मेधशी आन्दोलन) गर्ने आंट मधेशीले देखायो । यस्को प्रमुख उपलब्धि भनेको प्रधानमन्त्रिबाट संघात्मक राज्य बनाउने घोषणा थियो । अव आएर मधेशीको स्वायत्तताके लागि मधेशीको राजनैतिक दल खोल्ने आंट पनि मधेशीनेताहरुले देखाउनुभयो । अरु आन्दोलनहरु खास गरेर महिला, दलित र आदिवासी जनजातिको स्वर पहिले देखि चर्को थियो तर आंट भने पहिले पनि पछि थियो र अझपनि पछि रहदै आएको छ ।

राम्रो काम आफैले शुरु गर्न सके अति राम्रो । आफैले त्यस्तो गर्न नसके अरुबाट सिकेर भएपनि त्यस्तो गर्नु पनि राम्रो कुरा हो । अव आदिवासी जनजातिहरुले विगतका गल्तिहरुबाट पाठ सिक्दै, बाहुन दलहरुसंग आजसम्म भएको मृगतृष्णाबाट मुक्तहूंदै, मधेशीहरुले देखाएको आंटहरुबाट पाठ सिक्दै, आफ्नो सपनालाई आफैले विपना बनाउने आंट राख्दै जतिसक्दो चांडो सबै राजनैतिक दलहरुमा छरिएररहेका आदिवासी जनजाति नेताहरु जातीय स्वायत्तता प्राप्तकि लागि एउटै थलोमा जम्मा भएर आदिवासी जनजातिको राजनैतिक दल जती सक्दो चांडो खोल्न सक्यो उत्ति राम्रो । अहिले तत्काललाई कम्तीमा पनि नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, लिम्बूवान/खम्बुवान/ताम्बासालिङ्ग राज्य परिषद लगायतका जातीय आन्दोलनहरुले स्वायत्तताकालागि लडिरहेका मधेशी राजनैतिक दलहरु र आन्दोलनहरु र दलित आन्दोलनसंग कार्यगत एकता गरेर संविधान सभा अघि गणतन्त्र र पूर्णसमानुपातिक निर्वाचनको दुई खुट्टामामात्र नटेकेर ओदानको तेस्रो खुट्टा आत्मनिर्णयको अधिकार सहित जातीय, भाषिक र क्षेत्रगत स्वायत्ततामा समेत टेकेर अन्तरिम संविधानमा संशोधन गरी नयां नेपालको भात पकाउने काम सुनिश्चित गर्न तर्फ लागि हाल्न पर्दछ । जसरी केहि मधेशी नेताहरु मधेशी सवालमा एकै ठाउंमा जम्मा हुंदा ठूलो राजनैतिक तरंग आयो, सबै मधेशी नेताहरु एकै थलोमा जम्मा भए अझ कति ठूलो तरंग आउन सक्छहोला? मधेशी, आदिवासी जनजाति र दलित नेताहरु एकै ठाउंमा जम्मा भएर जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताकालागि लड्न सके अझ कति ठूलो तरंग आउनसक्छ होला? तरंग आफै आउदैन, आउने गर्न गराउन पर्दछ । तरंग ल्याउने सम्बन्धमा हामी सबैले एउटा हेक्का राख्नपर्ने कुरा के हो भने मौका आउंछ पर्खदैन, बगेको खोला फर्कदैन ।

December 14, 2007

Dr. Krishna B. Bhattachan is a well known anthropologist and leader of Indigenous Peoples in Nepal. Read his profile» Comments? Write him at: kchan@wlink.com.np
सुप्रसिद्ध मानब्सास्त्री डा कृष्णबहादुर भट्टचन आदिबासी जनजाती आन्दोलनका अगुवा हस्ती हुनुहुन्छ। हरेक साता शुक्रवार वहाँले लेख्नु हुने **सासारहिक झटारो** पढ्न नभुलु होला।